# जिल्लास्तरीय लागु औषध नियन्त्रण कार्ययोजना,२०७७

**जिल्ला प्रशासन कार्यालय, (रुकुम पश्चिम)**

**असोज, २०७७**

# जिल्लास्तरीय लागू औषध नियन्त्रण कार्ययोजना,रुकुम पश्चिम, २०७७

## १. पृष्ठभूमि

लागू औषध कारोबार विश्वव्यापी साझा समस्याको रुपमा रहेको छ । पछिल्लो समयमा नेपालमा पनि लागू पदार्थको अवैध ओसारपसार एंव कारोवार जटिल समस्याको रुपमा देखा परेको छ ।विश्वमा लागू पदार्थको अवैध ओसारपसार एंव कारोवारलाई हातहतियार कारोबार पछिको दोस्रो ठूलो अपराधको रुपमा लिईन्छ । देशको अमूल्य जनशक्ति युवा पिढि लागू औषध दुर्व्यसनमा फसेमा भविष्यमा देशको उन्नति,प्रगति एवं समृद्धिमा असर पर्ने कुरालाई नकार्न सकिदैन। त्यसैले लागू औषधको दुर्व्यसन एवं ओसार पसार गर्ने कार्यलाई समयमा नै नियन्त्रण गर्नु अपरिहार्य छ ।यसको अवैधरोकथाम एवं नियन्त्रण गर्न कानून कार्यान्वयन गर्ने निकायहरु क्रियाशील रहे पनि अन्तराष्ट्रिय रुपमा संगठित र सक्रिय गिरोहहरुको सञ्जालले गर्दा यसको ओसार-पसार र नियन्त्रण गर्ने कार्य चुनौतिपूर्ण छ । नेपाल मुख्यत: लागूपदार्थ उत्पादन र ओसारपसार हुने प्रमुख केन्द्रबिन्दु"गोल्डेन ट्रयांङल र गोल्डेन क्रिसेन्ट"को नजिक पर्ने हुँदा नेपालको भूमिलाई लागूपदार्थ ओसार-पसार गर्ने सहज बाटो र गाँजा तथा गाँजाजन्य अन्य लागू औषध उत्पादन स्थलको रुपमा प्रयोग गर्ने गरेको पाईन्छ ।

लागू औषधको अवैध कारोबार तथा दुर्व्यसनको बढ्दो समस्यालाई दृष्टिगत गरी यसको नियन्त्रण र न्यूनिकरणको लागी गृह मन्त्रालयबाट जारी लागू औषध नियन्त्रण कार्ययोजना २०७५ को मार्गदर्शनमा रही जिल्लास्थित सुरक्षा निकाय, स्थानीय तहलगायत अन्य सामाजिक संघ-संस्था, सरोकारवाला निकायहरुसँग हातेमालो गरी यस्तो अपराध तथा यसको प्रयोग र दुर्व्यसनबाट उत्पन्न हुने समस्या सामाजिक विकृती र विसंगतिलाई नियन्त्रणगरी स्वच्छ, सभ्य, सदाचारी र अपराधमुक्त रुकुम(पश्चिम) बनाउन यो कार्ययोजना तयार गरिएको छ ।

## २. विद्यमान अवस्था

नेपालमा वि.सं. २०६३ मा गरिएको सर्वेक्षणमा लागू औषध प्रयोगकर्ताहरुको संख्या ४६,३०९ थियो भने २०६९ को सर्वेक्षणमा यो संख्या ९१,५३४ पुगेको थियो।उक्त सर्वेक्षण नतिजा अनुसार औषत वार्षिक ११.३६ प्रतिशतको दरले लागू औषध प्रयोगकर्ताहरुको संख्यामा वृद्धि हुने गरेको देखिन्छ।विसं. २०७६ मा गरिएको सर्वेक्षणको नतिजा अनुसार नेपालमा कूल लागू औषध प्रयोगकर्ताहरुको संख्या १,३०,४२४ पुगेको तथा वार्षिक ५.०६ प्रतिशतको दरले प्रयोगकर्ताहरुको संख्यामा वृद्धि भएको देखाएको छ।प्रयोगकर्ताहरु मध्ये पुरुप १२१६९२(९३.३ प्रतिशत) र महिला ८७३२(६.७ प्रतिशत) रहेका छन् ।त्यसै गरी ५१.१ प्रतिशत प्रयोगकर्ताहरुले एकान्त स्थानमा (५१.९ प्रतिशत पुरुष र ३५.४ प्रतिशत महिला) लागू औषध प्रयोग गर्ने गरेका देखिन्छ।त्यसैगरी ४० प्रतिशत प्रयोगकर्ताहरु कुनै पनि पेशामा आबद्ध नरहेको तथ्याङ्कले देखाएको छ।लागू औषध प्रयोगकर्ताहरु महिलाहरुको सबैभन्दा ठूलो अनुपात (७१.७ प्रतिशत) बेरोजगार रहेको देखिन्छ जुन तुलनात्मक रुपमा पुरुष प्रयोगकर्ता(३८.० प्रतिशत) को तुलनामा धेरै रहेको देखिन्छ।

कुल लागू औषध प्रयोगकर्ताहरु मध्ये युवापुस्ताको संख्या धेरै रहेको देखिन्छ। वि.सं. २०७६ को सर्वेक्षणको नतिजा अनुसार अधिकांश लागू औषधप्रयोगकर्ताहरूलेउनीहरुबीसवर्ष भन्दा कम उमेरमा नै पहिलोपटक लागू औषधकोसेवन सुरुगरेको देखिन्छ।बीस वर्ष भन्दा कम उमेरमा गाँजाजन्य लागू औषध सेवन गर्ने प्रयोगकर्ताहरु ८८.०प्रतिशत, अफिमजन्य पदार्थ सेवन गर्नेहरु ६३.४ प्रतिशत, आनन्ददायी पदार्थ सेवन गर्नेहरु ५२.२ प्रतिशत, सुँघ्ने पदार्थ सेवन

गर्नेहरु ९२.३ प्रतिशत, भ्रमात्मक पदार्थ सेवन गर्नेहरु २३.८ प्रतिशत र उत्तेजनात्मक पदार्थ सेवन गर्नेहरु ४५.८ प्रतिशत रहेको देखिन्छ।

रुकुम (पश्चिम) जिल्ला अन्तर्गत भारत र चीनसँग सीधा खुल्ला सिमाना रहेको नाका नभएतापनि यस जिल्लाका केही स्थानहरुमा लागू औषधजन्य खेती अफिम, गाँजा आदिको उत्पादन, प्रशोधन तथा ओसारपसार हुने गरेको देखिएको छ । यस जिल्लामा लागू औषध अपराध दर्ताको विगतका बर्षहरुको तथ्याङ्क हेर्दा आ.व.०७०।७१ मा २ वटा मुद्दा दर्ता भएको,आ.व.०७१।७२ र आ.व. ०७२।७३ मा ३।३ वटा मुद्दा दर्ता भएको, आ.व.०७३।७४ मा ७ वटा ०७४।७५ मा २ वटा मुद्दा दर्ता भएकोमा आ.व.०७५।७६ मा उक्त संख्यामा उल्लेख्य बृद्धि भई ८ वटा मुद्दा दर्ता भएको देखिन्छ भने आ.व.०७६।७७ मा ९ वटा मुद्दा दर्ता भएको तथा त्यसमा संलग्न १५ जना पक्राउ परेको र २ जना फरार रहेको देखिन्छ ।

## ३. कार्ययोजनाको लक्ष्य

लागू औषधको अवैध उत्पादन, कारोबार तथा उपयोगलाई पूर्ण रुपमा नियन्त्रण गरी समाजलाई सभ्य, मर्यादित र सुरक्षित बनाउने ।

## ४. कार्ययोजनाको उद्देश्य

- लागू पदार्थको खेती नष्ट गर्ने तथा लागू पदार्थको उत्पादन, संचय र भण्डारण हुन नदिने ।
- लागूपदार्थको ओसारपसार र बिक्री वितरणमा नियन्त्रण गर्ने ।
- विभिन्न समूहलाई लक्षितगरीजनचेतना मूलक कार्यक्रमतथा भण्डाफोर अभियान संचालनगर्ने ।
- अनुगमन तथा चेकजाँचलाई प्रभावकारी बनाई सेवनकर्ताहरूको पहिचान तथा नियन्त्रण गरीउचित व्यवस्थापन, उपचार र पुनःस्थापनाको व्यवस्था मिलाउने।
- सरकारी निकायहरु, स्थानीय तह, गैरसरकारी तथा सामाजिक संघसंस्था लगायत लागूऔषध नियन्त्रणमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा क्रियाशील विभिन्न निकायहरुबीच निरन्तर समन्वय, सहकार्य तथा साझेदारी गर्ने ।

## ५. लक्षित समूह (Target Group)

यस कार्ययोजनाले निम्नलिखित समूहहरुलाई लक्षित समूह निर्धारण गरेको छ ।

१. विद्यार्थीहरु
२. अविभावकहरु, समुदायहरु, कार्यस्थलहरु
३. विभिन्न सरकारी एवं गैरसरकारी संघसंस्थाहरु (आमा समूह, यूवा समूह, पुनर्स्थापना केन्द्र)
४. दुर्व्यसनीहरु
५. अवैध कारोवारमा संलग्न व्यक्ति, समुह र सञ्जाल
६. सञ्चार माध्यम

## ७. कार्य योजना

| सि.नं. | कार्यक्रम तथा क्रियाकलापहरू | अनुगमन सूचक | जिम्मेवार निकाय | अनुगमन गर्ने निकाय | समय सीमा | कै. |
|---|---|---|---|---|---|---|
| **१. समन्वय तथा सहजीकरण गर्ने ।** | | | | | | |
| १.१ | लागू औषध नियन्त्रण जिल्ला अनुगमन तथा समन्वय समितिको वैठक गर्ने । | बैठक संख्या | जिल्ला प्रशासन कार्यालय | | बर्षमा कम्तिमा २ पटक | |
| १.२ | लागू औषध नियन्त्रणका लागि वडास्तरसम्मका संयन्त्र क्रियाशिल बनाउने | संयन्त्रको क्रियाशीलता र उपलब्धी | जिल्ला प्रहरी कार्यालय | जिल्ला प्रशासन कार्यालय | हरेक वडास्तरमा समिति गठन र क्रियाशिलता | |
| १.३ | लागू औषधको अवैध कारोबार तथा निकासी नियन्त्रणका लागि अन्तर जिल्ला समन्वय गर्ने | समन्वयको अवस्था र उपलब्धी | जिल्ला प्रहरी कार्यालय | जिल्ला प्रशासन कार्यालय | बर्षमा कम्तिमा २ पटक अन्तरजिल्ला बैठक | |
| १.४ | गृह मन्त्रालयद्धारा जारी लागू औषधको नियन्त्रण र रोकथाम सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा स्थानीय तहलाई मार्गदर्शन २०७६ अनुरुप सबै पालिकाहरुलाई लागू औषध नियन्त्रण कार्यक्रमको कार्यढाँचा तर्जुमाबजेट व्यवस्था र कार्यान्वयनमा सहजीकरण गर्ने | समन्वयको अवस्था र उपलब्धी | जिल्ला प्रशासन कार्यालय | | निरन्तर | |
| १.५ | लागू औषध नियन्त्रणका कार्यक्रम सञ्चालनका लागि स्थानीय तह लगायत सरोकारवालाहरुबीच समन्वय तथा सहजीकरण गर्ने | समन्वयको अवस्था र उपलब्धी | जिल्ला प्रहरी कार्यालय | जिल्ला प्रशासन कार्यालय | बर्षमा कम्तिमा २ पटक वैठक | |
| **२. लागूऔषधको खेती (Cultivation) र उत्पादन (Production) मा नियन्त्रण गर्ने ।** | | | | | | |
| २.१ | लागूऔषध (गाँजा,अफिम) खेती हुने क्षेत्रहरुको पहिचान गरि उत्पादनको प्रारम्भिक बिन्दुमा नै खेती नष्ट गर्ने । | नष्ट गरेको क्षेत्रफल तथा परिमाण र किसीम | जिप्रका तथा सशस्त्र प्रहरी बल नेपालका जिल्लास्थित ईकाईहरु | जिल्ला प्रशासन कार्यालय | निरन्तर | |
| २.२ | लागू औषध (गाँजा, अफिम) को उत्पादन तथा प्रशोधन हुने स्थानहरुको पहिचान गरि आपूर्तिको प्रारम्भिक बिन्दुमा बरामद तथा नष्ट गर्ने । | नष्ट वा बरामद गरेको परिमाण , प्रशोधन औजार तथा रसायन र लागू औषधको किसीम | जिप्रका तथा सशस्त्र प्रहरी बल नेपालका जिल्लास्थित ईकाईहरु | जिल्ला प्रशासन कार्यालय | निरन्तर | |
| **३. लागूऔषध ओसारपसार, संचय र भण्डारण तथा खरिद बिक्रीमा नियन्त्रण** | | | | | | |
| ३.१ | लागूऔषधको ओसारपसार गर्ने ब्यक्ति,समुह तथा क्षेत्र र जिल्ला सीमा नाका तथा स्थानहरुको पहिचान गरी निरन्तर निगरानी गरी | बरामद गरेको परिमाण, पक्राउ तथा कारवाहीको | जिप्रका तथा सशस्त्र प्रहरी बल नेपालका | जिल्ला प्रशासन कार्यालय | तुरुन्त शुरु गरीनिरन्तर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | औषधीजन्य तथा अन्य लागूऔषधको ओसार पसार तथा आपूर्तिलाई नियन्त्रण गर्न सम्पूर्ण प्रहरी ईकाईहरु एकसाथ एकिकृत रुपमा परिचालन गर्ने। | विवरण | जिल्लास्थित ईकाईहरु | | | |
| ३.२ | लागूऔषधको ओसारपसार तथा कारोवार गर्ने व्यक्ति,समुह तथा दुर्व्यसनीहरुको Link Chart तयार गरी सोबाट बिक्री बितरण गर्ने व्यक्ति, समूह, स्थान तथा औषधीजन्य लागूऔषधको अवैध कारोवार गर्ने औषधी पसलको पहिचान गरी कारबाही गर्ने । | बरामद गरेको परिमाण, पक्राउ तथा कारवाहीको सँख्यागत बिवरण | जिप्रका तथा सशस्त्र प्रहरी बल नेपालका जिल्लास्थित ईकाईहरु | जिल्ला प्रशासन कार्यालय | निरन्तर | |
| **४. लागूऔषधको दुर्व्यसन नियन्त्रणगर्ने ।** | | | | | | |
| ४.१ | लागूऔषध दुर्व्यसनीमा फसेका ब्यक्ति तथा समूहहरुको पहिचान गरी उनीहरु प्रति लक्षित समुहगत परामर्श कक्षा तथा सेवा संचालन गर्ने । | परामर्श सेवा संचालन संख्या र सहभागी संख्या | जिप्रका तथा मातहतका प्रहरी ईकाईहरु | जिल्ला प्रशासन कार्यालय | महिनामा एक पटक र आवश्यकतानुसार थप | |
| ४.२ | समुदाय प्रहरी साझेदारी कार्यक्रम मार्फत विद्यालय तथा कलेजस्तरमा चेतनामूलक कक्षा संचालन गर्ने । | कक्षा संचालन संख्या र सहभागी संख्या | जिप्रका तथा मातहतका प्रहरी ईकाईहरु | जिल्ला प्रशासन कार्यालय | महिनामा एक पटक र आवश्यकतानुसार थप | |
| ४.३ | समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तरगत व्यक्ति, परिवार, टोल, गाउँनगरमा समन्वयात्मक कार्यढाँचा अवलम्वन गर्ने | कार्यढाँचा | जिप्रका तथा मातहतका प्रहरी ईकाईहरु | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह | निरन्तर | |
| ४.४ | लागूऔषध दुर्ब्यसनीमा फसेका ब्यक्ति तथा समूहहरुको पहिचान गरीउनीहरुका गतिबिधिहरु उपर निगरानी राख्ने र दुर्व्यसनीहरुको सर्वोत्तम हितलाई ध्यानमा राखी अभिभावकहरुको परामर्शमा पुर्नस्थापना केन्द्र (Rehabilitation Centre) मा पठाउने व्यवस्था मिलाउने । | पुनस्थापना केन्द्रमा पठाएको संख्या | जिप्रका तथा मातहतका प्रहरी ईकाईहरु | जिल्ला प्रशासन कार्यालय | महिनामा एक पटक र आवश्यकतानुसार थप | |
| **५. लागूऔषध बिरुद्ध जोखिम पर्न सक्ने तथा अन्य सरोकारवाला सबैका लागि सचेतनामूलक कार्यक्रम संचालन गर्ने ।** | | | | | | |
| **५.१. विद्यालय तथा क्याम्पसमा आधारित सचेतना र जागरणमूलक कार्यक्रम संचालन गर्ने ।** | | | | | | |
| ५.१.१ | विद्यालय तथा क्याम्पस स्तरीय बतृत्वकला, हाजिरी जवाफ, खेलकुद, चित्रकला जस्ता लागूऔषध सम्बन्धी चेतनामुलक कार्यक्रम तथा -याली संचालन गर्ने । | उपस्थित विद्यार्थी संख्या | जिप्रका तथा सशस्त्र प्रहरी बल नेपालका ईकाईहरु | जिल्ला प्रशासन कार्यालय | मासिक रुपमा एक पटक | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५.१.२ | विद्यार्थी, अविभावक, व्यवस्थापन समितिलाई एकीकृत गरी लागू औषध सम्बन्धी जनजागरण कार्यक्रम संचालन गर्ने । | उपस्थित विद्यार्थी र अन्य व्यक्तिहरु | जिप्रका तथा सशस्त्र प्रहरी बल नेपालका ईकाईहरु | जिल्ला प्रशासन कार्यालय | मासिक रुपमा एक पटक | |
| **५.२ प्रत्येक वडामा जन जागरण कार्यक्रम संचालन गर्ने** | | | | | | |
| ५.२.१ | व्यानर पम्प्लेट, पोष्टर तथा होडिङ वोर्डहरु वडाका सार्वजानिक स्थानहरुमा टाँस गर्ने | सार्वजानिक स्थानहरु उल्लेख गर्ने | जिप्रका तथा सशस्त्र प्रहरी बल नेपालका जिल्लास्थित ईकाईहरु | जिल्ला प्रशासन कार्यालय | १।१ महिनामा | |
| ५.२.२ | प्रत्येक वडामा सामुदायिक भेला गरीलागूऔषध सम्बन्धी जन-जागरण तथा ऱ्याली संचालन गर्ने । | सहभागी संख्या र समय अबधी | जिप्रका तथा मातहतका ईकाईहरु | जिल्ला प्रशासन कार्यालय | ३ महिना भित्र | |
| **६. आमसंचारका माध्यममार्फतलागू औषध विरूद्धअभियान सञ्चालन गर्ने ।** | | | | | | |
| ६.१ | लागूऔषध विरूद्ध जनचेतना जगाउन आम सञ्चारकर्मीहरूलाई अभिमुखीकरण गर्ने । | अभिमुखीकरण र सहभागी संख्या | जि.प्र.का. | जिल्ला प्रशासन कार्यालय | मासिक रुपमा एक निरन्तर | |
| ६.२ | स्थानीय FM तथा टेलिभिजनका माध्ययमबाट प्रसारण गर्ने । | प्रशारण पटक संख्या तथा किसीम | जि.प्र.का. | जिल्ला प्रशासन कार्यालय | २ महिना सम्म निरन्तर | |
| **७. अनुगमन मूल्यांकन** | | | | | | |
| ७.१ | कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन मूल्यांङ्कन गर्ने | उपलब्धिको अवस्था | लागू औषध नियन्त्रण जिल्ला अनुगमन तथा समन्वय समिति | जिल्ला प्रशासन कार्यालय | निरन्तर | |

.........................

**(बद्रीनाथ गैह्रे)**

**प्रमुख जिल्ला अधिकारी**

**मिति: २०७७।०६।२३**